# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल


पत्र संख्याः- ०७७/७८
चलानी नम्बर :

मिति : २०७७/ १२/११

## प्रधानाध्यापक छनौट सम्बन्धि सुचना ।

( प्रथम पटक प्रकाशित मिति २०७७।१२।११ )

यस नगरपालिका अन्तरगत रहेका सामुदायिक माध्यमिक विद्यालयहरुका लागि प्रधानाध्यापक छनौट निर्देशिका २०७७अनुसार सामुदायिक विद्यालयमा कार्यरत स्थायी माध्यमिक शिक्षकहरुमध्येबाट प्रधानाध्यापक छनौट गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक पालुङटार नगरपालिकाभित्र अध्यापनरत माध्यमिक शिक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र विद्यालय बिकास प्रस्तावना र निम्न कागजतका साथ नगरपालिकाको शिक्षा यूवा तथा खेलकुद शाखामा रितपूर्वक दरखास्त पेश गर्नु हुन सूचित गरिन्छ ।

| क्र सं | बिज्ञापन नं | पद | माग सख्यां | न्युनतम योग्यता | परीक्षा दस्तुर | पारिश्रमिक | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०८/०७७/७८ | प्रधानाध्यापक | १४ | शिक्षाशास्त्र बिषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित तहमा कम्तीमा ५ बर्ष स्थायी सेवा अवधि पूरा गरेको,तर १० बर्ष स्थायी सेवा अवधि पूरा गरेकाको हकमा स्नातक तह उत्तीर्ण गरेको भए पनि उमेदवार हुन पाइनेछ। | १०००। | नेपाल सरकारको प्रचलित नियमानुसार साथै न. पा. को तर्फबाट थप मासिक रु१५००/ | विद्यालय बिकास प्रस्तावना प्रस्तुतीकरण एवं अन्तरवार्ता साथै निर्देशिकाले तोकेनुसार |

**दरखास्तसाथ पेश गर्नु पर्ने कागजातहरुः-**

१ . स्नातक तह र सो भन्दा माथिका शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपिहरु,
२ . प्रधानाध्यापक हुने तहको स्थायी नियुक्ति पत्रको प्रतिलिपि र सेवा अनुभव खुल्ने कागजात,
३ . शैक्षिक अनुसन्धान वा प्रकाशित कृतिहरु,
४ . पाँच बर्षे विद्यालय विकास प्रस्ताव (२प्रति), साथमा प्राथमिकताको आधारमा विद्यालय रोजाइको शिलबन्दी खाम ।
५ . विद्यालय बिकास प्रस्ताव फाराम नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट वा नगरपालिकाको वेबसाइटबाट लिन सकिनेछ ।
५ सम्पर्क मिति २०७७।१२।२५ गते बेलुकी ५ बजे, फोन सम्पर्क बाट पनि जानकारी लिन सकिनेछ ।
६ रीत नपुगी आएका तथा म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।
७ अन्य थप जानकारीको लागि यस नगरपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिनेछ।

अध्यक्ष
पदपुर्ति समिति

बोधार्थः श्री. सू प्र. अ.– उल्लेखित सूचनालाई कार्यालयको वेवसाइटमा अपलोड गरिदिनुहुन ।


Website: www.palungtarmun.gov.np, E-mail: palungtarmun@gmail.com
टोल फ्रि नं. १६६०६४४२००२
फोन नं. ०६४-४०००५३, ४०००५२, ४००००२